मिति २०७७/१/०३

# ५२ औं बैठक

आज मिति २०७७।०१।३ गते बुधबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको कार्यालय पाङ्डाँडामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री शालिकराम फुँयाल | सदस्य सचिव | |

<u>निर्णय नं.(१)</u> covid-19 कोरोना भाइरस ~~महामारी~~ संक्रमणको अत्यन्तै विकराल स्थिति रहेको वर्तमान अवस्थामा विभिन्न मुलुक बाट र संघिय राजधानी बाट बैतेश्वर वासी नागरिक आफ्नो घरमा आउने

क्रम, बढ्दो अवस्था भएकोले R.B.T टेस्ट गराउनको लागी जिल्ला अस्पताल जिरी मार्फत वैतेश्वर वासीको निमित्त समेत उपलब्ध भएकोले उपलब्ध R.B.T टेस्टका सामान कमी भएको ले, थप सामाग्री उपलब्ध गराइदिन गाउँपालिका अध्यक्ष/उपाध्यक्ष मार्फत जिल्ला प्रशासन कार्यालय चरिकोट दोलखामा माग गर्ने, इ.प्र.का मैनापोखरी र प्रहरी चौकी ~~मैनापोखरीमा~~ प्रतली कार्यालाई मौज्दात रहेको पि.पि.इ. सेट (उपलब्ध) १११ सेट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.(२) यस गाउँकार्यपालिका मिति २०७६।१२।२६को बैठकको नि. नं.(१) बमोजिम गठन भएको जिन्सी अनुगमन समितिले मिति २०७६।१२।२० गते पेश गरेको जिन्सी प्रतिवेदन आजको बैठकमा प्रस्तुत भै, सामाग्रीहरुको उपलब्धता, प्रयोग सम्बन्धी जानकारी गरियो। यस गाउँपालिका स्थित साविकमा हिमालयन केयर हस्पिटल अस्पताल र हिमाली स्वास्थ्य सहकारी संस्थाको आपसी समझदारीमा हिमालयन केयर हस्पिटल अस्पताल संचालन गरि आएकोमा, हिमालयन केयर हस्पिटल कमल काठमाडौंले आफ्नो नामको, वैतेश्वर वडा नं.५ (साविक काब्रे गा.वि.स.वडा नं. ३) को जग्गा र भवनहरु समेत मिति २०७६।५।२६मा वैतेश्वर गाउँपालिकाको नाममा स्वामित्व हस्तान्तरण भै आएको, मिति २०७६।३।१३को, वैतेश्वर गाउँकार्यपालिका, हिमालयन केयर हस्पिटल, र हिमाली स्वास्थ्य सहकारी संस्था लि.को संयुक्त बैठकको निर्णय बुँदा (ग) मा हिमाली स्वास्थ्य सहकारी संस्थाका शेयर सदस्यहरुको शेयर रकम हिमालयन केयर हस्पिटल र हिमाली स्वास्थ्य सहकारी संस्थाको समन्वयमा गाउँपालिकाले सम्बोधन गर्ने उल्लेख भए अनुसार शेयर सदस्यहरुको शेयर रकम अस्पताल संचालनमा लगानी भएकोले हिमाली स्वास्थ्य सहकारी संस्थाका शेयर धनी सदस्य २६० दुइसय साठी जनालाई, परिचय पत्र तयार गरि सम्बन्धित शेयर धनी सदस्यहरुलाई उपलब्ध गराउने। वैतेश्वर गाउँपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाइ ऐन २०७६ अनुसार अस्पताल संचालनमा योगदान पुर्याउने व्यक्तिहरुलाई, वैतेश्वर अस्पताल संचालन रहँदा, शेयर सदस्य स्वयमलाई उपचारमा लाग्ने शुल्कमा फार्मेसी बाहेक ५०% र परिवारका सदस्यलाई २५% प्रतिशत छुट दिने। हिमाली स्वास्थ्य सहकारी संस्थालाई आफ्नो नाममा प्राप्त गरेका जिन्सी सामान गा.पा.लाई स्वेच्छिक हस्तान्तरण गरिदिन अनुरोध गर्ने, हस्तान्तरण गर्न नचाहेमा पत्र जारी भएको ७ (सात) दिन भित्र आफ्नो सामान हटाई खाली गरि दिन पत्राचार गर्ने।

स्वास्थ तथा सरसफाई ऐन बमोजिम अस्पताल सँचालन गर्न तयारी गर्ने निर्णय गरियो।

निर्णय नं. (३) मिति २०७६।१२।२१ को निर्णय नं. १ बाट स्वीकृत भएको "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहाय हरुलाई उपलब्ध गराइने सम्बन्धी मापदण्ड २०७६" को संशोधन पारीत गरियो।

निर्णय नं. (४) covid-19 कोरोना भाइरसको सम्बन्धमा स्वास्थ्य क्षेत्र बाट गरिएको विविध कार्यक्रम हरुको सम्बन्धमा स्वास्थ्य शाखा प्रमुख बाट प्रस्तुत भै समिक्षा गरियो।

निर्णय नं. (५) कोरोना भाइरसको संक्रमणको सुरक्षा सम्बन्धमा वर्तमान अवस्थाको अध्ययन बाट सुरक्षा व्यवस्थापन मिलाउन - उपलब्ध सुरक्षाकर्मीहरुको कमी भएकोले थप सुरक्षा कर्मी उपलब्ध गराईदिन, जिल्ला प्रशासन कार्यालय, हेटौडा चौकी मा- अध्यक्ष/ उपाध्यक्ष, मार्फत अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. (६)

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा सानो ठिमि भक्तपुर च. नं. १४६ मिति २०७६।१२।२८ को पत्रको सम्बन्धमा यस कैलेश्वर गाउँपालिका भित्र सँचालनमा रहेका निजि विद्यालय हरुलाई २०७६ साल चैत्र महिनाको आवास शुल्क बाहेक अन्य सबै प्रकारको शुल्क छुट गरिदिन अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. (७) covid-19 कोरोनाभाइरसको संक्रमणको सुरक्षाको लागी मिति २०७६।१२।११ देखी लक डाउनको अवधि नेपाल सरकार बाट जारी भए पश्चात गाउँ कार्यपालिका बाट सम्पादन गरिने, कामहरुमा- आन्तरिक कामहरु माग भएको अवस्थामा, तपसिलको आयोजनाको भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो। अन्य योजनाहरुको लकडाउन खुले पछि भुक्तानी दिने।

तपसिल

१) मैनापोखरी बगर सडकको नियमानुसार पेश्की दिने।
२) वडा कार्यालय भवन वडा नं. १२ वडा नं. ६ को रानिङ बिल अनुसार भुक्तानी दिने
३) सामुदायिक भवन वडा नं. १ को रकम भुक्तानी दिने।
४) हनुमन्ते गुरु योजनाको रकम भुक्तानी दिने।
५) मैनापोखरी स्वा. चौ. तथा सरसफाई उ. से. को रकम भुक्तानी दिने।
६) गाउँपालिका भवन निर्माणको रकम भुक्तानी दिने।
७) थुकिनिधारा लुम्बारखोरिया थारोबाढले डिल सडकको रकम भुक्तानी दिने
८) निम्कोर पातले सडकको रकम भुक्तानी दिने।
९)